ISSN 2505-0974

# 'रामु र श्यामुको बहादुरी' बालउपन्यासमा पौरस्त्य सांस्कृतिक चेतना

नवराज रिजाल
अनुसन्धानकर्ता, नेपाल संस्कृत विश्वविद्यालय
nabapragyapan@gmail.com

**सार**

प्रस्तुत लेखमा अञ्जुदेवी भट्टराईको 'रामु र श्यामुको बहादुरी' बालउपन्यास बालबालिकालाई साहसी, निडर, आत्मनिर्भर, व्यवहारिक, कर्तव्यपरायण र भविष्यप्रति सचेत गराउने पौरस्त्य संस्कृतिको के कति प्रभाव रहेको छ भन्ने कुराको अध्ययन गरिएको छ । यस उपन्यासले बालबालिका आफ्नो घर, परिवार र बाबु-आमाप्रति कति सचेत, संवेदनशील र जागरुक रहन्छन् भन्ने कुरा देखाउन खोजेको छ । पौरस्त्य संस्कृतिले बालबालिकालाई अत्यन्तै महत्त्व दिन्छ । उनीहरूलाई साहसी, निडर, आत्मनिर्भर, व्यवहारिक, कर्तव्यपरायण र भविष्यप्रति सचेत बनाउन विविध कर्महरूमा संलग्न गराइन्छ । उनीहरूले गरेका कर्महरूको विश्लेषण गर्दै त्यस्ता कर्महरू निरन्तर गरिरहन प्रोत्साहित गरिन्छ । अग्रज वा घर परिवारका सल्लाह, सुझाव र परामर्शले उनीहरूका आत्मविश्वास बढ्छ । सपलताप्रति उत्साहित बनेर अगाडिको बाटो हिँड्न अझ प्रेरित बन्छन् । हामी र हाम्रो समाजका कतिपय मानिसका धारणा बालबालिका केही जान्दैनन् बुझ्दैनन् र घरपरिवारबारे कुनै चिन्तन गर्दैनन् भन्ने छ तर यस पुस्तकले सो विचार सही नभएको सन्दर्भ प्रस्तुत गरेको छ । यो कुराको पुस्तक पढ्ने सबैलाई सहजै हुन्छ । हुन पनि यस उपन्यासमा प्रयुक्त दुई बालपात्रहरूले अत्यन्तै साहसिक काम गरेका छन् । उनीहरूले गरेको काम जो पायो त्यहीले गर्न नसक्ने काम हो । यो कामले उनीहरूलाई नाम र दाम दुवै दिलाएको छ । पौरस्त्य संस्कृतिमा बालबालिकाको लालनपालनदेखि भविष्यका निम्ति कसरी तयार हुने भन्ने वातावरण सो कुरा देखाइएको छ । यसर्थ बालबालिका सचेत र गम्भीर प्रकृतिका हुन्छन् उनीहरूलाई सहजतापूर्वक अगाडि बढ्न दिनुपर्छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

**शब्दकुञ्जी :** जागिर, चटक, बहादुरी, गोरखापत्र, आँगन, बगैँचा ।

## विषयपरिचय

वि.सं. २००९ सालमा जन्मेकी अञ्जुदेवी घिमिरेको 'रामु र श्यामुको बहादुरी' (२०२९) नै नेपाली बालसाहित्यमा प्रकाशित पहिलो प्रकाशित पहिलो मौलिक बालउपन्यास हो । सामाजिक विषयवस्तु समेटिएको यो कृति वि.सं.२०२९ मा प्रकाशित भएको थियो । यो कृति प्रकाशन अघि पनि बाल उपन्यासका नाममा बजारमा कतिपय कृतिहरू नआएका होइनन् आएका थिए तर ती कृतिहरूमा मौलिकपन भेटिएको पाइन्न । यसर्थ हालसम्म प्राप्त अभिलेखअनुसार यो पुस्तक नै पहिलो मौलिक नेपाली बालउपन्यास मानिन्छ । २०२९ सालमै बालउपन्यास प्रकाशित गराएर कृतिकार बनेकी घिमिरेले बालबालिकामा संस्कृति र संस्कारको प्रभाव कसरी रहन्छ भन्ने कुरालाई विषय बनाएकी छन् । यस आलेखको खास उद्देश्य 'रामु र श्यामुको बहादुरी' बाल उपन्यासभित्र पौरस्त्य संस्कृतिको खाजी गर्नु रहेकोले पौरस्त्य संस्कृतिको उपस्थिति खोज्ने काम गरिएको छ ।

प्राणीहरूमा मानव जीवनलाई सर्वश्रेष्ठ रूपमा लिइन्छ । संसारका हरेक मानिसको आआफ्नो संस्कृति हुन्छ । संस्कृतिकै आधारमा संसारमा मानिसको विभाजन गर्ने गरिन्छ । मानवको आआफ्नो संस्कृति हुने भएका कारण प्राणीहरूमा मानिस सर्वश्रेष्ठ प्राणी मानिएको हो । संस्कृति मानव जीवनको अभिन्न पाटो हो । मानिसहरूको जीवनका विभिन्न पाटाहरूमा दृश्य वा अदृश्य रूपले संस्कृतिले प्रभाव पारिरहेको हुन्छ । संस्कृतिबाट कोही पनि टाढा रहन सक्दैन । भन्न त भनिएला तर संस्कृतिको छायाबाट कोही पनि विमुख हुन सक्दैन । एउटा न एउटा संस्कृतिबाट पृथक रहन सक्ने कुरै हुँदैन । संस्कृति यो यो हो र यो यो हैन तथा संस्कृतिका आकार-प्रकार यति मात्र हुन्छन् भन्न सकिँदैन । संसारको स्वरूप विशाल छ । संस्कृतिको क्षेत्र फराकिलो र व्यापक छ । संस्कृतिको सम्बन्ध जीवनसँग, जीवनको भोगाइसँग, आस्था र विश्वाससँग, अठोट र दृढतासँग जोडिएको छ । जीवनका हरेक पाटाहरूमा संस्कृतिले सहकार्य गरिरहेको देख्न सकिन्छ । संसारमा एउटा संस्कृतिको मात्र नभएर अनेक संस्कृतिहरूको अस्तित्व छ । सदियौँदेखि ती अस्तित्वको सङ्घर्षमा सङ्घर्षरत छन् । मानिसह अनेकहरूको बिचबाट कुनै न कुनै संस्कृतिलाई एउटा आधार दिएर आफूभित्र समाहित गरिरहेछन् वा बचाई रहेछन् । मानिसका जति धेरै वर्ग, समूह, क्षेत्र, समुदाय र सम्प्रदाय छन् त्यति नै मासंस्कृतिका रूप पनि फैलिएका छन् । संस्कृतिको निर्माण मानिस आफैँले गर्ने भएका कारण यस्तो स्थिति भएको हो । समय र परिस्थिति अनुसार यसमा फेरबदल आइरहेको वा भइरहेको हुन्छ । परिवर्तनशीलता संस्कृतिको एउटा महत्त्वपूर्ण गुण र विशेषता हो ।

प्रस्तुत अध्ययनपत्र तयार पार्नका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू पुस्तकालयीय विधिको प्रयोग गरी प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ। प्राथमिक र द्वितीयक स्रोतबाट प्राप्त सामग्रीलाई विषय प्रतिपादनका लागि विश्लेषणात्मक विधिको उपयोग गरिएको छ। त्यसैले यो निगमन विधिमा आधारित छ।

एउटा मात्र नभएर संसार भर विभिन्न संस्कृति अस्तित्वमा छन्। ती आ-आफ्ना ताल तवरले काम गरिरहेका छन्। एउटै संस्कृति आत्मसात् गर्नेहरूका पनि रूप, क्षेत्र र कार्यशैली फरक फरक छन्। संस्कृतिको निर्माणकर्ता अरू कोही नभएर मानिस स्वयं हो। यसो हुनुलाई अस्वभाविक मान्न सकिँदैन। समयक्रममा संस्कृतिभित्र आवश्यक फेरबदल भइरहन्छ। संस्कृतिलाई पौरस्त्य र पाश्चात्य गरी दुई भागमा बाँडेर हेरिने आमप्रचलन छ। विशेष गरी पहिले भारत वर्षमा पर्ने विभिन्न देशदेखि यतिखेर चीन देशसम्मका क्षेत्रमा पाइने संस्कृति पौरस्त्य संस्कृतिभित्र पर्दछन्। संसारका प्रत्येक संस्कृतिहरूका आ-आफ्ना रूप, आकार, स्वभाव, चरित्र, मूल्य-मान्यता, विश्वास, विचार र दष्टिकोण हुन्छन्। यसैका आघारमा संस्कृतिको विभाजन गरिने प्रचलन छ। पौरस्त्य संस्कृतिका आफ्ना छुट्टै मौलिक र समय सान्दर्भिक मूल्य-मान्यता, आदर्श, विश्वास, विचार, चिन्तन, दृष्टिकोण, मोक्षप्राप्तीका बाटा, जीवनशैली र हिजो, आज र भोलिलाई हेर्ने दृष्टिकोण छन्। आफ्नै तरिकाका खानपान, बस-उठ, व्यवहार र कार्यका पृथक शैली पनि छन्। यसैका आधारमा पाश्चात्य र पौरस्त्य संस्कृति फरक बनेका हुन्। यही फरक वा पृथकताले पौरस्त्य संस्कृतिलाई जीवन्त तुल्याईरहेको हो। पाश्चात्य संस्कृतिभन्दा कता हो कता फरक बाटोबाट हिँडिरहेको मात्र छैन। कतिपयलाई यो कुरा बुझाउन समेत संस्कृतिले मानिसले परम्परादेखि मानिआएका चालचलन, परम्परा, रीतिरिवाज तथा विश्वासदेखि संस्कार, परिष्कार, कुनै राष्ट्र वा जातिको सामाजिक जीवनजस्ता धेरै कुरा बुझाउँछ। पौरस्त्य दर्शन, वेद, पुराण, उपनिषद, श्रीमद्देवीभागवत, श्रीमद्भगवत गीता र मनुस्मृतिलगायत अनेकौँ धर्म ग्रन्थहरूका साथमा सनातन परम्पराले निर्दिष्ट गरेका विचारका आधारमा प्रस्तुत लेखमा 'रामु र श्यामुको बहादुरी' बाल उपन्यासमा रहेको पौरस्त्य संस्कृतिको विश्लेषण गरिएको छ।

**सैद्धान्तिक आधार**

पौरस्त्य वा पूर्वीय संस्कृति समानार्थी शब्द हुन्। विशेष गरी पाश्चात्य संस्कृतिले क्रिस्चियन संस्कृतिको अर्थ बोध गराउँछ। पृथ्वीको पूर्वी भागका सम्पूर्ण संस्कृति पौरस्त्य संस्कृतिको कोटीभित्र पर्दछन्। यो संस्कृतिभित्र हिन्दु सनातन, चिनियाँ, जापानी, कोरियन, थाइ, भुटानी, तिब्बतियन, श्रीलङ्कन, बर्मेली र मङ्गोलियन जस्ता अनेक नामका संस्कृति प्रचलनमा छन्। माथिका नामहरूबाट पुष्टि हुन्छ संसारमा अनेक संस्कृति अस्तित्वमा छन्। ती आआफ्ना मूल्यमान्यता र विश्वास बोकेर बाँचेका पनि छन्। आफ्नो बचाई र त्यसका निम्ति गरिएका अनेक सङ्घर्ष तिनका पहिचान हुन्।

पौरस्त्य मान्यताअनुसार मानव समुदायको इतिहास र परम्परालाई सदैव कल्याणकारी योजनामा आबद्ध गरेर ल्याइने व्यवहार पौरस्त्य संस्कृति हो। परम्परागत, व्यावहारिक र प्राविधिक संस्कृतिका अनुभूतिगत पक्ष संस्कृतिका अङ्ग बनेका हुन्छन्। आज सांस्कृतिक संवेदना बिस्तारै पाश्चात्य संस्कृतिका सञ्जालतिर बढ्दै गएका कारण सस्कृति साम्राज्यवाद र भूमण्डलीकरणका चपेटामा रुमलिन पुगेका छन्। संस्कृति मानव जीवनको समग्र इतिवृत्तको पहिचानलाई क्रमशः युग र परम्परासँग जोडेर गतिवान् बनाउँदै गएको र जीवनशैलीमा जोडिएको मौलिक रङ्ग हो। यसको स्वरूप र संवेदनाका पक्ष हाम्रा आचरणमा आबद्ध बनेका हुन्छन्। सामाजिक संरचनाअनुसारको जीवनशैली सूचित गर्ने कलागत पहिचान नै संस्कार हो र यसैले निरन्तरता पाउँदा संस्कृतिको रूप प्राप्त गर्दछ (सुवेदी, २०७३, पृ. २१३)।

वेदको आदेशअनुसार वा वेदलाई केन्द्रविन्दुमा राखेर आचारविचार बनेको संस्कृति वैदिक सनातन अर्थात पौरस्त्य संस्कृति हो। यसले संस्कृति, संस्कार, धर्म र सभ्यतालाई समान आँखाले हेर्छ। सनातन संस्कृतिलाई अभिव्यक्त गर्ने प्रथम माध्यम भाषा संस्कृतभाषा हो। यो भाषा जति पुरानो छ त्यतिकै वैदिक सनातन संस्कृति पनि पुरानो छ। संस्कृत भाषाको माध्यमबाट मूर्त सनातन संस्कृतिको सुदूर अतीतकाल स्वर्ण काल थियो। संस्कृतमा लेखिएको विशाल वाङ्मय भण्डारले सनातन संस्कृतिको सर्वाङ्गीण स्वरूप प्रकाशन गरेको हुँदा त्यसको अभिव्यञ्जनामा संस्कृतभाषाको गौरवपूर्ण स्थान रहेको छ। विश्वका विभिन्न भाषाहरूमा संस्कृतभाषाको शाब्दिक प्रभाव भेटिनुले सनातन संस्कृतिको प्राचीन समयमा विश्वका विभिन्न क्षेत्रमा प्रभाव रहेको कुरा आँकलन गर्न सकिन्छ (ढकाल २०६६, पृ. २२८-२२९)। वैदिक संस्कृति र सभ्यताको, उच्चस्तरीय चिन्तन र दार्शनिक उत्कृष्टताको, आन्तरिक परमोपलब्धि, व्यावहारिक शान्ति, सुरक्षा र स्वतन्त्र सत्तासम्पन्नताको मूलआधार हो-उपनिषद् दर्शन। हाम्रो कुलधर्म, जातिधर्म, समाजधर्म, राष्ट्रनीति, अर्थनीति, न्यायव्यवस्था, स्वास्थ्यनीति, व्यवहारनीति इत्यादिको मूलमा पुगेर अध्ययन गर्दा वैदिक कालसम्म पुग्नुपर्छ। अतः हामी र हामीभित्र महान् परम्परा र इतिहास लुकेको छ, उच्चतम मूल्यमान्यताले साथ दिएको छ, पारमार्थिक लाभले उत्कर्षता ओगटेको छ। हाम्रो संस्कृति वैदिक भएकैले

यसभित्र जीवन्तता, शाश्वतता र समानता रहेको छ । समस्त वेदको चरम सत्य र जीवनपद्धतिलाई हामीले वैदिक संस्कृति भन्ने गरेका छौँ (रिसाल २०६८, पृ. १३९-१४०) । यिनै संस्कृतिका आधारमा 'रामु र श्यामुको बहादुरी' बालउपन्यासमा अभिव्यक्त पौरस्त्य सांस्कृतिक चेतनाको खोजी गरिएको छ ।

**'रामु र श्यामुको बहादुरी' बालउपन्यासमा अभिव्यक्त पौरस्त्य सांस्कृतिक चेतना**

पौरस्त्य संस्कृति संसारको सबैभन्दा पुरानो संस्कृति हो । यस संस्कृतिको अत्यन्तै लामो जीवित परम्परा छ । पाश्चात्य संस्कृतिका अनुयायीहरू पनि पौरस्त्य संस्कृतिप्रति आकर्षित बनिरहेका छन् । पौरस्त्य संस्कृति र पाश्चात्य संस्कृति बिचको आकर्षणमा ठूलो अन्तर छ । पौरस्त्य संस्कृतिलाई बासस्थानको व्यवस्था, त्याग, दान, अध्यात्म, दया-माया, करूणा, परोपकार, कर्तव्यपरायणता, मान्यजनप्रति आदर-सत्कार, श्रमप्रति उच्चसम्मान, कर्ममा विश्वास, आशावादिता, अहिंसा, अग्रजप्रति श्रद्धा, अतिथिसत्कार, सत्यको खोज, प्रकृतिप्रति आस्था र विश्वास, सामाजिक सद्भावमा जोड, आत्मा-परमात्मा एक भएको विश्वास, पशुपक्षीको पूजा, दानशीलता, रहस्यप्रति विश्वास र लोकसंस्कृतिप्रति आस्था आदि पौरस्त्य संस्कृतिका प्रमुख विशेषता हुन् । प्रस्तुत उपन्यासले अङ्गीकार गरेका पौरस्त्य संस्कृतिका केही सङ्केत यसप्रकार छ :

**-घरबाससम्बन्धी स्थिति** : रामुको चारैतिर बगैँचा भएको चटक्क परेको एउटा घर थियो । त्यस बगैँचामा आँप, केरा, अम्बा र बेली, चमेली, जाई, जूही र पारिजात इत्यादी फलफूलका बोटहरू थिए । अरू धेरैथरीका बुटाहरू पनि झ्याम्म परेर सग्लाएका थिए । घरको अगिल्तिर आँगनैनेर रामुले खेल्नेचौर थियो । ( पृ. ५,पङ्ती १-४ ) ।

**-पशुप्रतिको दृष्टिकोण :** रामुका बा निकै भलादमी हुनुहुन्थ्यो । उहाँ गाउँको स्कुलमा पढाउन जानुहुन्थ्यो । रामुलाई निकै माया गर्ने आमा घरको हेरचाह गर्दथिन् । घरको 'सुरी' बिरालो र 'काले' कुकुर पशु भएर पनि रामुका साथी जस्ता थिए ।.रामु कतै जान लाग्दा बिरालो म्याउँ-म्याउँ गर्थ्यो र पछि-पछि दगुर्थ्यो । रामुका बा र आमाले सुरी र कालेलाई पनि माया गर्नुहुन्थ्यो । रामुका घरमा सबै जना हाँसी खुसी थिए । (पृ.५, पङ्ती ९-१७) ।

**-बा-आमाको अवस्थामाथि चिन्ता :** रामु थाकेको थियो, किनभने एक्लै भए पनि उसले निकै बेरसम्म खेल्यो । रामु उदास थियो, किनभने उसका बा आमा पनि निकै दुःखी थिए । रामुलाई आफ्ना बा र आमा दुःखी हुनुको कारण थाहा थिएन । यसैले ऊ कारण पत्ता लाउन चाहन्थ्यो । यसको निम्ति ऊ सधैँ जस्तो दुःखी देखिन्थ्यो । एक दिन रामु आफ्नो पढ्ने कोठामा बसेर पढिरहेको थियो । रामुका बा र आमा बैठक कोठामा बसेर कुरा गर्दै थिए । रामुलाई पनि उनीहरूको कुरा सुन्न मन लागेछ । उसले कान थापेर आफ्ना आमा र बाले कुरा गरेका गरेका सुन्यो । उसका बाका कुरा सुनेर आमा सुँक्कसुँक्क गरेर रूँदै थिइन् । रामुका बाले रामुकी आमालाई "हेर रामुकी आमा, हाम्रो आम्दानी छैन, रामुलाई पढाउन धेरै रुपियाँ फीस तिर्नु पर्छ, घरमा खान पुगेको छैन, मेरो मात्र कमाइले केही पनि पुगेन । यसो हुँदा हामीले यो घर बेचेर अन्तै सस्तो ठाउँमा धेरै खेत किनेर ससानो घर बनाउनु पर्‍यो ।" भन्नुभयो । यो कुरा रामुले भित्रैबाट सुन्यो । (पृ. ६, पङ्ती ९-२०) ।

**-सरसफाईप्रति चिन्ता :** उसलाई यति राम्रो घर बेचेर अर्को नराम्रो घरमा जाने मन थिएन । उसले मनमनै सोच्यो "अब जाने घरमा खेल्ने चउर र हात गोडा धुने इनार छैन होला छैन होला, को जान्छ र त्यसमा !" यसपछि रामुले आफ्नो सुरी बिरालो र काले कुकुरलाई सोध्यो "ए ! सुरो ! ए ! काले ! अब हामीले के गर्ने ? यो घर बेचेर अन्तै जाने कि यहीँ बस्ने ?" काले कुकुरले मुख मात्र हल्लायो र सुरी बिरालोले 'म्याउ' मात्र गर्‍यो । उनीहरूले रामुलाई केही पनि मद्दत दिएनन् । (पृ.७, पङ्ती १-६) ।

**-दौँतरीसँग छलफल र सल्लाह** : गीता रामुको मिलजुलको साथी थियो । यी दुवै जना सधैँ सँगै स्कूल जान्थे । एउटै क्लासमा पढ्थे । रामु भन्दा गीता अलि ठूलो पनि थियो । रामुले गीतालाई दाइ बनेर बोलाउँथ्यो । आज पनि उसले गीताको घरमा गएर "गीता दाइ, गीता दाइ" भनेर बोलायो । गीताले पनि 'किन भाइ, आज एकाबिहानै कता आयौ ?" भनेर आफ्नो पढ्ने कोठामा लग्यो । अनि दुवै जना सँगै बसे । यस्तैमा रामुले अँध्यारो मुख लगाएर गीतालाई भन्यो, "हेर दाइ, मेरा बाले त हाम्रो यो राम्रो घर बेच्न लाग्नु भएछ, तर मलाई अन्त जान मन छैन ।" (पृ.७, पङ्ती ७-१३) ।

**-जागीर आर्थिक आवस्था सुधार्ने बाटो :** "हिजो बेलुका म पढ्दै थिएँ, बा र आमा बैठक कोठामा गफ गर्दै हुनुहुन्थ्यो । पछि आमा रोएको सुनेँ, के रहेछ भनेर कोठाकाटै कान थापेर सुनेको त बाले घर बेच्नुपर्छ भन्दै हुनुहुन्थ्यो ।" भनेर रामुले भन्यो । "यस्तो सुनेपछि तिमीले के भन्यौ त ?" गीताले फेरि सोध्यो । अँहँ मलाई कस्तो कस्तो नरमाइलो लागेर आयो, आफ्नै कोठामा एकछिन रोएँ । केही पनि भनिनँ । ऐले पो ति सरासर आएँ त !" रामुले जवाफ दियो । यसपछि गीताले "तेसो भा तिमीले अब जागीर खानुपर्छ" भनेर सल्लाह दियो । अनि रामुचाहिँ घर फर्क्यो । (पृ.७, पङ्ती १७-२४) ।

**-जागीर खाने सोच** : रामुले अचम्मको जागीर खाने कुरा सोच्यो, जसबाट आफूलाई पैसा पनि आओस् र रमाइलो गर्न पनि पाइयोस् । रामुले झट्टै गएर कुनै चटकी (सरकसवाला) कहाँ गएर जागीर खाने विचार गऱ्यो । हिजो मात्र उसले सुनेको थियो गाउँ नजीकैको ठाउँमा मेला (बजार) लागेको छ अरे र त्यहाँ चटकीहरू पनि आएका छन् अरे ! अब रामु भोलिपल्टै जागीरखान जाने निधो गरी घरमा पुग्यो । आफूले जागीर खाने सुर कसेको सम्झेर रामु मनमनै धेरै खुशी भयो । उसले घरका मान्छे कसैलाई पनि केही भनेन । आफ्ना कुरा आफ्नै मनमा गमेर बस्यो र त्यो रात बितायो (पृ.८, पङ्ती ३-१०) ।

**-मेला पर्वको परिदृश्य** : त्यस ठाउँमा धेरै जना मानिसहरू जम्मा भएका थिए । केटाकेटीहरू पनि आफ्ना आफ्ना बाआमाहरूसित डुल्दै थिए । मेलामा कतै कतै हलुवाई पसल थिए, कतै कतै चुरा पोते तथा सानासाना केटाकेटीले खेल्ने खेलौनाहरू पनि थिए । कतै गाइ भैंसी बेच्न राखिएका थिए । कतै धेरै किसिमका खेल (चटक) देखाउने मान्छे खेल देखाईरहेका थिए । कतै रोटे, लिङ्गे र चाकाचुली पीङ पनि राखिएका थिए । कतैकतै सानासाना रेलहरू पनि थिए । कुनै ठाउँमा “गोपीकृष्ण भन” भन्दै थिए । यी चराहरू बेच्न राखिएका थिए । (पृ.९, पङ्ती १२-१८) ।

**-मनोरञ्जनप्रति चासो** : ढोका नजीकै बसेर एउटा मान्छे “आउनोस्, आउनोस्, खेल हेर्नोस् भनेर” भनेर कराई रहेको थियो । रामु पनि त्यही ठाउँमा गयो । आफूसँग भएको पैसा दिएर रामु भित्र पस्यो । रामुले त्यहाँ धेरै थरीका जनावरहरू देख्यो । (पृ.१०, पङती २०-२३) ।

**-देखेर जान्ने र सिक्ने परम्परा** : रामु यताउति हेर्दै अलि भित्र पस्यो । उसले त्यहाँ वनमान्छे, अनि धेरै धेरै चराचुरुङ्गी पनि देख्यो । यी जनावर तथा चराहरूले नौला नौला खेल देखाउन जानेका थिए । जनावरहरू खोरमा थिए । चराचुरुङ्गीहरू पिँजडामा थिए । अलि पर पुगेपछि यो ठाउँमा चटक देखाइने रहेछ भनेर रामुले जान्यो । यस्ता ठाउँलाई सर्कस देखाउने ठाउँ भनिन्छ । अब फेरि रामु एउटा ढोकामा पुग्यो । त्यस ढोकामा एउटा अचम्मको मान्छे टिकट लिएर हेर्न आउने मान्छेलाई भित्र पठाउँदै थियो । त्यस मान्छेको बोली हाङ हाङ गर्थ्यो । मान्छे पनि निकै डरलाग्दो थियो । रामुलाई सर्कस हेर्न मन लागेको थिएन । उसलाई त जागीर खानुपरेको थियो । (पृ.१०, पङ्ती १-१४ ) ।

**-आत्मविश्वास प्रदर्शन** : रामुले त्यस मान्छेलाई नमस्कार गऱ्यो । त्यसपछि आफूलाई जागीर चाहिएको कुरा भन्यो । रामुको यस्तो कुरा सुनेर त्यो अचम्मको मान्छे हा हा हा गरेर हाँस्यो । अनि पछि ठुलो बोलीमा “तिमी यति सानो केटा छौ, के जागीर खान्छौ, जाऊ बरु आमाको दूध खाऊ अरू पाँच वर्ष” भन्यो । त्यो मान्छेको यस्तो कुरा सुनेर रामुले पनि नडराईकन आफ्ना हातलाई दह्रो मुठी पार्दै माथि उठायो र भन्यो “म देख्न सानो छु, तर काम गर्न सक्छु ।” यसपछि रामु अझ भित्र पस्यो । भित्र जाँदा बाटामा एउटा मोटी स्वास्नीमानिससित रामुको भेट भयो । त्यो मोटी स्वास्नीमानिसलाई देखेर रामु डरले रोइसकेको थियो । तर होसियार भएर रामुले त्यस आइमाईलाई नमस्ते गऱ्यो, अनि त्यसपछि जागीर खोजेको कुरा गऱ्यो । (पृ. १०, पङ्ती १४-२३) ।

**-आँट, साहस र चुनौतिको. सामना** : यति सानो केटालाई जागीर चाहिएको देखेर त्यो मालिक पनि हलल्ल हाँस्यो । अनि मसिनो बोलीमा सोध्यो, के नाउँ भाइ तिम्रो ?” रामुले पनि “रामु” भन्यो । अनि के रे भाइलाई जागीर चाहियो भनेको हो ?” फेरि त्यो मालिकले सोध्यो । रामुले पनि आफ्नो सबै कुरा बतायो र नम्र भाषामा भन्यो “हो, मलाई जागीर चाहियो ।” मालिकले फेरि पनि सम्झाउँदै “हेर भाइ, तिमी यति साना रहेछौ, हामीकहाँ डरलाग्दा जनावर हुन्छन्, ठुलो ठुलो काम गर्नुपर्छ, तिम्रा यति साना हात त फिरिक्कै जान्छन्, तिम्रो बल छैन, कसरी काम गर्न सक्छौ र ?” भन्यो । रामुले आफूलाई दरो पारेर बायाँ हातले दायाँ पाखुरा ठोक्तै भन्यो “म त बलियो छु, जत्रो काम पनि गर्न सक्छु, पैले काम त दिई हेनोस् । ” रामुको यस्तो बाठो बानी देखेर मालिक निकै खुसी भयो र भन्यो “त्यसो भए भाइलाई पहिले जाचौँ है त ?” (पृ.११, पङ्ती १०-२२) ।

**-परिश्रमीलाई सधैँ सफलता प्राप्त** : रामुलाई जाँच्ने श्यामु भन्ने एउटा आर्को दुब्लो केटा थियो । रामुलाई श्यामुले चाकाचुली पीङ घुमाउन लगायो । श्यामु चाहिँ थकाई मार्न एउटा सियाँल भएको ठाउँमा बस्यो । रामुलाई जागीर पाइँदैन कि भन्ने पीर थियो, यसै हुनाले एकछिन पनि आराम नगरीकन रामुले पीङलाई घुमाइरह्यो । यसरी निकै बेरसम्म काम गर्नुपर्दा उसलाई थकाइ नलागेको हैन, तर पनि उसले त्यो थकाइलाई सहेर दिनभरि घुमायो । त्यो चाकाचुली पीङ पनि निकै गह्रुङ्गो थियो । त्यस पीङ् बस्ने ठाउँमा हात्ती घोड बनाएर राखिएको थियो । साना साना भाइ बहिनीहरूले पीङ खेले भने तिनै हात्ती घोडा माथि बस्थे, अनि रामुले पीङलाई घुमाउँथ्यो । रामुले यसरी थकाइ पनि नमारीकन दिनभरि काम गर्न लागेको देखेर श्यामुलायृ औधी माया लाग्यो र उसले रामुलाई भन्यो, “ओहो भाइ, तिमीले धेरै बेर घुमायौ, ल भयो अब तिमी बस, म यो पीङ घुमाउँछु ।” तर रामुले “भैगो पर्दैन, भरेसम्म म आफैँ घुमाउँछु भनेर” भनेर जवाफ दियो । रामुको राम्रो काम देखेर चटक देखाउने मालिकले उसलाई जागीर दियो । यसरी रामुले चटक देखाउने ठाउँमा जागीर पायो (पृ.१२, पङ्ती २-२०) ।

**-बहादुरी प्रदर्शन :** त्यस मेलामा भएका सबै केटाकेटी तथा ठूला मान्छेहरू आफ्नो ज्यान जोगाउन भागे तर रामु भागेन । रामुले श्यामुलाई बोलायो र भन्यो "यस्तो हूलमा भाग्दा त किचिएर मरिन्छ" । "नभागेर के गर्नु, आगो लागि सक्यो" भनेर श्यामुले भन्यो । यसमा रामुले आगो आइपुगेको छैन तबसम्म हूल कम हुन्छ, अनि छिटोछिटो भागौँला हुन्न र भनेर सोध्यो । (पृ.१५, पङ्ती १३-१८) ।

**-परोपकारी भावको जीत** : चारैतिरबाट आगोको लपेटो बढेको थियो । त्यसैको उज्यालोमा रामुले खोरभित्रका बाघ,भालू तथा अरू जन्तुहरूलाई उफ्रिरहेका देख्यो । रामुले सोच्यो "यिनीहरूले यस्तो आपतको वेलामा मान्छेलाई केही पनि गर्दैनन्" अनि श्यामु र रामु भएर ती जनावरहरूलाई छाडिदिए । नजीकै जंगल थियो, ती जनावरहरू जगलमा गएर लुके । यसरी उनीहरूको ज्यान बच्यो । (पृ.१५, पङ्ती २१-२६) ।

**-राम्रो काममा इनाम** : त्यो आगो लागेका ठाउँका धेरैजसो केटाकेटीका आमाबाहरू आइपुगेका थिए । आफ्ना छोराछोरीलाई भेट्टाएर सबैजना खुशी भए । रामुका आमा बा पनि आइपुगेका थिए । रामुलाई प्यारो गरेर म्वाइँ खाए । तर श्यामुका कोही पनि थिएनन् यसो हुँदा श्यामु खिन्न थियो । श्यामु त टुहुरो थियो । रामुले श्यामुका कुरा आफ्ना आमा बालाई भन्यो । श्यामुले पनि स्याबासी पायो । उसको पनि म्वाइँ खाए । यस पछि रामु आफ्नो घर गयो । श्यामुलाई पनि रामुले आफ्नो घर लग्यो । भोलिपल्ट रामु र श्यामुको बहादुरीको कुरो गोरखापत्रमा छापियो । उनीहरूको फोटो पनि छापिएको थियो । चटकको मालिक रामुको घर आयो । उसको साथमा त्यो मोटो आइमाई पनि आएकी थिई । चटकको मालिकले रामुलाई धेरै पैसा इनाम दियो । श्यामुलाई पनि दियो ।  रामुर श्यामुले उसका जन्तुहरू बचाइदिएका थिए । (पृ.१६, पङ्ती ६-१७) ।

**निष्कर्ष**

प्रस्तुत उपन्यास 'रामु र श्यामुको बहादुरी' मा परिश्रमले मानिसलाई सफल बनाउँछ । कुनै पनि काम गर्दा धैर्य बन्नु पर्छ । कडा मेहनत र लगनशीलताको बाटो सहज रहेको जस्ता आसय उपन्यासमा जतातातै पाइन्छन् । दया, माया र करूणा जीवनका बाटा हुन् यसर्थ सधैँ यो बाटो आत्मसात् गर्नुपर्छ भन्ने सन्देश पनि यहाँ देखिन्छन् । सानोलाई माया र ठुलालाई आदर सत्कार तथा सद्भाव पौरस्त्य संस्कृतिका महत्त्वपूर्ण पाटा हुन् । सानाले पनि ठुलाठुला काम गरेका उदाहरण धेरै भेटिन्छन् । बालबालिकालाई असल बाटोमा हिँडाउनुपर्छ । जीवनको महत्त्वबोध गराउनु पर्छ । ठुलाका काममा पनि सहयोग गर्न सिकाउनु पर्छ । जीवन सिकाई हो र बाल्यकालमा सिकाइ राम्रो भए भविष्य राम्रो बनाउन सकिन्छ उपन्यासमा यो दृष्टिकोण राखिएको पाइन्छ । मानिस सांस्कृतिक प्राणी हो । संस्कृतिबाट मानव जीवन एक इञ्च पनि टाढा छैन । उत्साह, जाँगर, जोश र कामप्रतिको समर्पण समेत संस्कृतिद्वारा निर्देशित हुन्छन् । सांस्कृतिक चेत र सकारात्मक चिन्तन तथा केही गर्नुपर्छ अनि गरे सकिन्छ भावका कारण रामु र श्यामु सफल मात्र भएनन् उनीहरूको भाग्य पनि चम्कियो । उनीहरूको सफलताको पछाडि हाम्रो संस्कृतिले सिकाएको इमान-जमान, दण्ड र पुरस्कारको व्यजस्था, बहादुरी, परोपकारी भाव, परिश्रम, आँट, साहस, मातापिताको समस्या बुझ्ने प्रवृत्ति, सबै आत्मा एकै भएको चिन्तन र सकारात्मक सोच पौरस्त्य संस्कृतिका भावधारा हुन् । यी भावधारा मन जगाउने विचार उपन्यासमा आएका छन् । लेखकले बालबालिकालाई स्वसंस्कृतिप्रति जागरुक बनाउन यो उपन्यास लेखेको देखिन्छ । गरे सकिन्छ र गर्नु पर्छको भाव उपन्यासमा छ । यी पौरस्त्य सांस्कृतिक चेत हुन् । यही चेतले हामीलाई निरन्तर अगाडि बढाइरहेको मात्र नभएर अगाडि हिँड्ने बाटो समेत देखाइरहेको भन्ने निचोड रहेको पाइन्छ ।

**सन्दर्भ सामग्री**


अवस्थी, महादेव (२०६५), **बालसाहित्यका विधा र तिनको लेखन-प्रक्रिया,** काठमाडौँ : एकता बुक्स ।

खत्री, प्रेम (२०८१) **नेपालको सांस्कृतिक इतिहास,** (सम्पा) काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

ढकाल, वेणीमाधव (२०६६), "अभिव्यञ्जना आधार र विशेषताको आलोकमा वैदिक सनातन संस्कृति", **भृकुटी,** राष्ट्रिय संस्कृति अङ्क, पृ. २२६ ।

प्रधान, प्रमोद (२०६१), **नेपाली बालसाहित्यको इतिहास,** (दोस्रो सं.), काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

बन्धु, चूडामणि (२०६०), **नेपाली बाल-विश्वकोश,** काठमाडौँ : नेपाल बाल-साहित्य समाज ।

भट्टराई, अञ्जुदेवी (२०२९), **रामु र श्यामुको बहादुरी,** ललितपुर : हाम्रो प्रकाशन ।

रिजाल, नवराज, (२०८१), **सृष्टिविवेचन,** काठमाडौँ : तन्नेरी प्रकाशन ।

रिसाल, शिवगोपाल (२०६८), **वैदिक संस्कृति,** (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

लामिछाने, भरतप्रसाद (२०६३), **संस्कार र संस्कृति,** काठमाडौँ : श्रीमती सत्यवती लामिछाने ।

सिंह, रामधारी (१९९७), **संस्कृति के चारअध्याय,** (पुनरावृत्ति), इलाहावाद : लोकभारती प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०७३), **सांस्कृतिक अध्ययन र नेपाली साहित्य**, काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

हुमागाईं, जनकप्रसाद (२०५६), **नेपाली बालसाहित्य,** काठमाडौँ : सुनकोसी साहित्य प्रतिष्ठान ।